**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्डः०३ संख्याः ०३ .मितिः २०७७/०३ /२९

**भाग-१**

**विराटनगर महानगरपालिका**

## विराटनगर महानगरपालिका शिक्षा ऐन २०७६ (पहिलो संशोधन)

# विराटनगर महानगरपालिका शिक्षा ऐन २०७६ (पहिलो संशोधन)

**पारित मितिः २०७७।०३।१४**

अनुसुची १

**विराटनगर महानगरपालिका शिक्षा ऐन २०७६ को दफा ५ को उपदफा ९१ मा निम्न व्यवस्था थप्ने** :
धार्मिक विद्यालय अनुमति विना सञ्चालन गर्न नहुने : यस ऐन बमोजिम अनुमति नलिई कुनै पनि धार्मिक विद्यालय सञ्चालन गर्न पाइने छैन।

यस दफा जारी हुनुपूर्व अनुमति नलिई कसैले धार्मिक विद्यालय सञ्चालन गरेको भए यस दफा जारी भएको छ महिनाभित्र अनुमतिका लागि निवेदन पेश गर्नुपर्नेछ। यसरी पेश भएको निवेदन अनुसार एक पटकका लागि आवश्यकता र औचित्यका आधारमा एक वा बहुकक्षा सञ्चालनका लागि अनुमति प्रदान गर्न सकिनेछ। यसरी धार्मिक विद्यालयहरु संचालन सम्वन्धमा प्रचलित कानुनले निर्धारण गरे वमोजिम नियमन, संचालन तथा अनुमतिको व्यवस्था लागु हुनेछ।

**विराटनगर महानगरपालिका शिक्षा ऐन २०७६ को दफा १० मा नगर शिक्षा समितिको गठनको (ङ) मा निम्न व्यवस्था गर्ने**

| हाल भएको व्यवस्था | संसोधित व्यवस्था |
|---|---|
| कार्यपालिकाका सदस्यहरु मध्येबाट महिलाको प्रतिनिधित्व हुने गरी नगर प्रमुखले तोकेको एक जना | कार्यपालिकाका सदस्यहरु मध्येबाट कम्तिमा एक महिलाको प्रतिनिधित्व हुने गरी नगर प्रमुखले तोकेको ३ जना : सदस्य |
| दफा च (वडा शिक्षा समिति गठन) वडा भित्रका सामुदायिक विद्यालयका शिक्षक अभिभावक संघको अध्यक्ष मध्ये वडा शिक्षा समितिले मनोनित गरेको एक जना सदस्य | दफा च (वडा शिक्षा समिति गठन) नगर शिक्षक महासंघको प्रतिनिधि १ जना सदस्य |

**विराटनगर महानगरपालिका शिक्षा ऐन २०७६ को दफा २१ मा देहायबमोजिम थप गर्ने**

**२१ क विद्यालय बन्द वा समायोजनका आधारहरु :** नगर शिक्षा समितिले यस ऐनको दफा २१ बमोजिम देहाय बमोजिमको आधारमा नगरमा सञ्चालित विद्यालयहरुलाई बन्द गर्न वा नजिकको विद्यालयमा समायोजन गर्न सक्नेछ।

(क) विद्यालयमा प्रचलित कानुनमा तोकिएबमोजिमको पूर्वाधार नभएको।
(ख) दुई वा सो भन्दा बढी विद्यालय बीचको पैदल दूरी ३० मिनेट भन्दा कम रहेको वा सेवा क्षेत्र एउटै भएको
(ग) औषतमा कक्षा १ देखि ३ मा ६० जना, १ देखि ५ मा १०० जना, कक्षा ६ देखि ८ मा ६० जना, कक्षा ९ देखि १० मा ५० जना र कक्षा ११ देखि १२ मा ५० जना विद्यार्थी नभएको।
तर नजिकको दूरीमा अन्य विद्यालय नभएको तथा अलग्गै बस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय गाभ्न बाध्य पारिने छैन।
(घ) नजिकको दूरीमा रहेका र आपसमा गाभिएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सो भन्दा बढी विद्यालय
(ङ) जनसंख्या वृद्धिदर कम भएको, जनसंख्या वृद्धिदर घट्दो दरमा भएको र भविष्यमा पनि जनसंख्या नबढ्ने खालको समुदायमा स्थापना भएको दूई वा सो भन्दा बढी विद्यालय
(च) भौगोलिक रुपले विकटता नभएको अवस्था

**२१ख समायोजन हुने वा गाभिएका विद्यालयको नामकरण :** विद्यालय समायोजन पश्चातको नामकरण देहाय बमोजिम गर्न सकिनेछ।

(क) गाभिएका विद्यालयहरु मध्येबाट साविककै एक विद्यालयको नामबाट नामकरण गर्न सकिने
(ख) गाभिएका दुबै विद्यालयबाट अनुरोध भइ आएमा गाभिने विद्यालयको नाम गाभिएको विद्यालयको नामको पछाडि थप गरी नामकरण गर्न सकिने
(ग) ख्यातिप्राप्त व्यक्ति, स्मारक वा ऐतिहासिक चिजवस्तु झल्कने गरी नामकरण गर्न सकिने

**२१ग भौतिक तथा शैक्षिक व्यवस्थापन :**

**(क)** बन्द गरिएका तथा गाभिने विद्यालयको चल अचल सम्पति नगर शिक्षा समितिले नजिकको विद्यालयलाई भोग चलन गर्न दिन, गाभिएको विद्यालयका नाममा कायम गर्न वा महानगरपालिका प्रमुख संरक्षक भई सार्वजनिक सम्पतिका रुपमा उपभोगमा ल्याउन सक्नेछ। सो सम्बन्धी आवश्यक प्रक्रियाका लागि मालपोत कार्यालयलाई लेखी पठाउनुपर्नेछ।
(ख) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न अत्यावश्यक भएमा महानगरपालिकाले प्राथमिकता दिई अनुदान उपलब्ध गराउनु पर्नेछ।
(ग) समायोजन पश्चात उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायत अन्य सामग्री गाभिएको विद्यालयमा जिन्सी दाखिला गर्नुपर्नेछ।
(घ) बन्द गरिएको, गाभिएको वा समायोजन भई गएको विद्यालयको विद्यालय व्यवस्थापन समितिको समयावधि बन्द वा समायोजन निर्णय मितिबाट स्वत समाप्त भएको मानिनेछ।
(ङ) बन्द गरिएका वा समायोजन भएका विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक तथा बाल विकास सहयोगी कार्यकर्तालाई गाभिएको विद्यालयमा समायोजन गरिनेछ। समायोजन गरिएको विद्यालयमा स्वीकृत दरबन्दीभन्दा बढी भएमा महानगरभित्रका अन्य विद्यालयमा आवश्यकताका आधारमा पदस्थापन गरिनेछ। बन्द वा गाभिएका विद्यालयमा कार्यरत विद्यालय कर्मचारी वा विद्यालय सहयोगीका सन्दर्भमा महानगरका कुनै पनि सामुदायिक विद्यालयमा रिक्त रहेको समान पदमा पदस्थापन गरिनेछ। सो पदस्थापन नभएसम्म निजको पदाधिकार महानगरमा पुलमा राखी अन्य विदालयमा कामकाज गर्न खटाउन सकिनेछ, निजको पदास्थापन नभएसम्मका लागि निजले खाइपाइ आएको सेवा सुविधाको सम्पूर्ण दायित्व महानगरपालिकाले लिनुपर्नेछ।

**विराटनगर महानगरपालिका शिक्षा ऐन २०७६ को दफा ३३ मा देहाय बमोजिम गर्ने**

दफा ३३ को उपदफा २ मा व्यवास्था गरिएको राहत र शिक्षण अनुदान शब्द झिक्ने
निम्न थप गर्ने :

२.क सामादायिक विद्यालयमा प्राविधिक शिक्षक ,प्रशिक्षक ,सप्रशिक्षक ,प्रशिक्षण सहायक ,राहत अनुदान ,शिक्षण अनुदान ,अनुदान का कर्मचारी र बालविकास सहयोगी कार्यकर्ता नियुक्तिका लागि देहाय बमोजिमको समिति रहनेछ :

अ. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष : संयोजक

आ. सम्वन्धित क्षेत्र हेर्ने शैक्षिक प्रशासन महाशाखाको अधिकृत वा नगर शिक्षा अधिकारीले तोकेको अधिकृतस्तरको कर्मचारी : सदस्य

इ. माध्यमिक शिक्षक छनोट गर्नुपर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनोट गर्नुपर्ने भएमा शिक्षाशास्त्र विषयमा स्नातक तह उत्तिर्ण गरेको व्याक्तिहरु मध्ये शैक्षिक प्रशासन महाशाखाले सूचिकृत रोस्टरहरुबाट तोकेको २ जना विज्ञ : सदस्य

ई. प्रधानाध्यापक सदस्य सचिव

आज्ञाले,
इन्द्रमणि पोखरेल
(प्रमुख प्रशासकीय अधिकृत)